# परीक्षार्थीहरुलाई निर्देशन

१. परीक्षार्थी परीक्षामा सम्मिलित हुन आउँदा परीक्षा प्रवेशपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।

२. जम्मा प्रश्नपत्र पृष्ठ ६ र जम्मा प्रश्न संख्या १०० हुनेछ । परीक्षार्थीले प्रश्नपत्र प्राप्त गरेपछि प्रश्नपत्रको पृष्ठ संख्या तथा कुनै प्रश्न छुटेको भएमा समयमै जानकारी गराउनुपर्नेछ ।

३. प्रश्नपत्रमा तोकिएको स्थानमा अंग्रेजीमा अंक र शब्दमा रोल नम्वर र Answer sheet मा नाम र रोल नम्वर प्रष्ट सँग लेख्नुपर्नेछ । अन्य केही लेख्न तथा कतै करेमेट गर्न पाइने छैन ।

४. प्रवेशपत्रमा दिइएको रोल नम्वर नै उत्तरपुस्तिकाको रोल नम्वरमा लेख्नुपर्नेछ । साथै दिएको स्थानमा Capital Letter मा नाम लेख्नुपर्नेछ ।

५. एउटा प्रश्नको एउटै उत्तरमा मात्र Black Ball Pen ले गोलो चिन्हमा पुरै भर्नुपर्नेछ । उत्तरमा केरमेट वा दोहोऱ्याइ चिन्ह भर्न पाईने छैन ।

६. सिसाकलमले अथवा अन्य रंगका मसीले गोलो चिन्ह भर्न पाईने छैन ।

७. प्रश्नपत्र नबुझाई बाहिर जान पाईने छैन ।

८. परीक्षा सुरु भएको ४५ मिनेट नबितेसम्म परीक्षा हलबाट बाहिर निस्कन पाईने छैन ।

९. क्याल्कुलेटरको प्रयोग गर्न  पाईने छैन ।

१०. एक आपसमा कुरा गर्न वा कागज/कलम साटासाट गर्न पाईने छैन ।

११. परीक्षा हलमा मोबाइलको प्रयोग पूर्ण रुपमा निषेध गरिएको छ । प्रयोग भएको पाईएमा परीक्षार्थीलाई परीक्षा हलबाट निश्काशन गर्न सकिनेछ ।

१२. रफ गर्न परेमा प्रश्नपत्रको पछाडिको खाली ठाउँमा गर्न सकिनेछ ।

१३. Answer sheet तथा प्रश्नपत्र निरीक्षकहरुलाई नै बुझाउनुपर्नेछ । अन्त कतै छोड्न पाइने छैन ।

१४. परीक्षा हलमा लैजान निषेध गरिएका वस्तुहरु लगेमा वा अनुचित व्यवहार गरेमा निरीक्षकले त्यस्ता विद्यार्थीहरुलाई परीक्षा हलबाट निष्काशन गर्न सक्नेछन् ।

१५. Answer sheet मेशिनबाट परिक्षण गरिने भएको हुँदा उत्तरपुस्तिको निर्धारित स्थान वाहेक अन्यत्र कतै केरमेट वा पट्याउन वा डट वा अन्य कुनै संकेत गर्न पाईने छैन ।

१६. Answer sheet मा एक प्रश्नको उत्तरमा एक भन्दा बढी गोलो चिन्ह भरेमा सो उत्तर रद्ध हुनेछ ।

१७. सबै परीक्षार्थीलाई Answer sheet सँगै फिर्ता गर्ने गरी अध्ययन संस्थानले १/१ थान बल पेन उपलब्ध गराउनेछ । सो बल पेनको प्रयोग परीक्षार्थीले अनिवार्य रुपमा गर्नु पर्नेछ । अन्यथा विद्यार्थीले दिएको उत्तर मान्य हुने छैन ।

धन्यवाद